म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३१५ बिहीबार, १२ असार २०८२ ने. सं. ११४५ दिल्लाथ्व 26 June 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषधसहित भारतीय नागरिक तीनजना पक्राउ

हेटौंडा, ११ असार/मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१५ स्थित रातोमाटे चेकप्वाइन्टबाट लागूऔषधसहित तीनजना भारतीय नागरिक पक्राउ परेका छन् । बुधबार बिहान प्रहरीचौकी रातोमाटेबाट खटिएको प्रहरीटोलीले पूर्वपश्चिम राजमार्गमा भारतको मोतीहारीबाट काठमाडौंतर्फ आउँदै गरेको बिएल ०१ एडब्लू १४०४ नम्बरको भारतीय कार चेकजाँच गर्ने क्रममा २५ हजार चार सय ५५ क्याप्सुल ट्रामाडोल र एक सय २० बोतल वनरेक्स बरामद गरिएको मकवानपुर प्रहरीले जनाएको छ । पक्राउ पर्नेमा भारत बिहार मोतीहारीका कार चालक २६ वर्षीय उपेन्द्र यादव, सोही कारमा सवार सोहीस्थानका २२ वर्षीय संजितकुमार यादव र ३५ वर्षीय सिकिन्दर महतो रहेका छन् । उनीहरुले कारको सिटमुनी र डिक्कीभित्र फल्स बटम बनाई लागूऔषध लुकाएर ल्याएका थिए । बरामद लागूऔषध र सवारीसाधनसहित तीनैजनालाई लागूऔषधसम्बन्धी कसुर मुद्दामा थप अनुसन्धान भइरहेको मकवानपुरका प्रहरीप्रवक्ता प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिएका छन् ।

# प्रचारप्रसारको अभावले ओझेलमा हात्तीसार

साझाकुरा संवाददाता



हेटौंडा, ११ असार/ मकवानपुरको भीमफेदी गाउँपालिकामा रहेको ऐतिहासिक हात्तीसार संग्रहालय प्रचारप्रसारको अभावमा ओझेलमा परेको छ ।

नेपाल भ्रमण वर्ष १९९८ को सन्दर्भमा संग्रहालय स्थापना गरिएको थियो । बेलायती महारानी एलिजाबेथ द्वितीया र राणा प्रधानमन्त्री जंगबहादुर राणाले सिकार खेल्न जाने क्रममा हात्ती पार्किङस्थलका रुपमा परिचित यो संग्रहालय पर्यटकको पर्खाइमा बसेको छ । हेटौंडाबाट उत्तरपूर्वमा करिब ३५ किलोमिटरको दूरीमा रहेको भीमफेदीस्थित यो संग्रहालयमा महारानी एलिजावेथले प्रयोग गरेका ४ वटा सिकारी हौदा र जंगबहादुरले प्रयोग गरेका पिँजडा सहितको हौदा राखिएको छ ।

मकवानपुरको भीमफेदी गाउँपालिका-६ मा अवस्थित राणाकालीन हात्तीसार संग्रहालय नेपालका प्रथम राणा प्रधानमन्त्री जंगबहादुर राणा, श्री ५ महेन्द्र, बडामहारानी, बेलायती महारानी एलिजाबेथ द्वितीया, श्री ५ वीरेन्द्र र श्री ५ ज्ञानेन्द्रसम्मले शिकारको सिलसिलामा प्रयोग गरेको ऐतिहासिकस्थल हो । उनीहरु हात्तीमा चढेर चितवनतर्फ शिकार खेल्न जाने गर्थे । संग्रहालय भवनभित्र कुल ४२ वटा हौदाहरु रहेका छन् । बाघको सिकारका लागि प्रयोग गरिने सेतो कपडा पनि यहाँ सुरक्षित राखिएको छ । संग्रहालयमा शिकार खेल्ने व्यक्तिले हात्तीमा राखेर प्रयोग गर्ने सिकारी हौदा, शिकारीको संरक्षणमा जाने भारदारी र खानपानको व्यवस्था गर्नेहरु बस्ने सुसारेले प्रयोग गर्ने हौदाहरु छन् ।

राणाकालमा बेलायती राजारानीलगायत विदेशी पाहुना हात्तीमा बसेर शिकार खेल्नका निम्ति भीमफेदी आउने गरेको इतिहास छ । पूर्वराजपरिवारका सदस्यहरुले पनि चितवन राष्ट्रिय निकुञ्ज, कोशीटप्पु वन्यजन्तु आरक्ष, शुक्लाफाँटा र बर्दिया र ाष्ट्रिय निकुञ्जमा सिकार खेल्न जाने गरेको जानकारहरु बताउँछन् । हात्तीसारमात्रै नभई त्यतिबेला तराईबाट काठमाडौं पुग्ने मुख्य बाटोसमेत यही थियो । त्रिभुवन राजपथ निर्माण हुनुभन्दा अघि भीमफेदी तराई जोड्ने सेतुको रुपमा परिचित थियो । राणाकालमा बेलायती राजारानीलगायत विदेशी पाहुना हात्तीमा बसेर शिकार खेल्नको निम्ति पनि भीमफेदी नै आउँथे ।

विगतमा पैदलयात्रुको निम्ति बास बस्न बनाइएका पाटीपौवा र निजी भवनहरु अहिले जीर्ण छन् । २०५९ जेठमा तत्कालीन सांसद हिरण्यलाल श्रेष्ठले आधा दर्जन एक्युरियम राखेर यसलाई थप आकर्षक बनाउने प्रयास गरेका थिए, तर ती एक्युरियम अहिले प्रयोगमा छैनन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको स्वामित्वमा रहेको यो संग्रहालय करिब २५ रोपनी क्षेत्रफलमा फैलिएको छ । धेरै ऐतिहासिक महत्व बोकेको भएता पनि उचित प्रचारप्रसारको अभावले पर्यटकको आगमन हुन सकेको छैन ।

हात्तीसार संग्रहालयलाई थप ऐतिहासिक बनाउनका लागि प्रवेशद्वारमा दुईवटा हात्तिका मूर्तिका साथै ऐलिजावेथ द्वितीया र जंगबहादुर राणाको शालिक राखिने योजना रहेको भीमफेदी गाउँपालिका-६ का कार्यबाहक वडाअध्यक्ष बुद्धिबहादुर वाइबाले बताएका छन् । भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाका अनुसार संग्रहालयमा रहेका सामग्रीले नेपालको शाही इतिहास र शिकार संस्कृतिलाई उजागर गर्छन् । तर, यसलाई व्यवस्थित संरक्षण र प्रचारप्रसारको खाँचो छ । यो संग्रहालयलाई पर्यटनको प्रमुख गन्तव्यकारुपमा विकास गर्न सकिन्छ ।

अध्यक्ष लामाले अन्तर्राष्ट्रिय स्तरमा पनि चिनाउने गरी संरचनागत सुधार, सामग्री संरक्षण र प्रचार अभियान सञ्चालन गर्न आवश्यक रहेको बताए । 'सयौं वर्ष पुराना सामग्री जतन गर्नसके स्थानीय पर्यटन मात्र होइन, राष्ट्रिय सांस्कृतिक सम्पदा प्रवर्द्धनमा पनि टेवा पुग्नेछ,' अध्यक्ष लामाले थपे । अहिले संग्रहालयमा रहेका केही दुर्लभ सामग्री र तस्वीरहरु सार्वजनिक गरिँदै छन्, जसले इतिहासप्रेमीका लागि संग्रहालयलाई अझै आकर्षक बनाउने विश्वास लिइएको छ ।

यस संग्रहालयको संरक्षण र प्रचार प्रसारमा जोड दिई यसको ऐतिहासिक महत्वलाई उजागर गर्नसके आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न सकिने देखिएको छ । सम्बन्धित निकायले यस विषयमा ध्यान दिई हात्तीसार संग्रहालयको उचित व्यवस्थापन र प्रवर्द्धन गर्न आवश्यक छ । नेपालको पहिलो हात्तीसार मकवानपुरको पुरानो सदरमुकाम भीमफेदीमा भएको पाइन्छ । हात्ती राख्न भने सर्वप्रथम जंगबहादुर प्रधानमन्त्री भएर राख्ने गरेको हो । जंगबहादुर वि.स.१९०३ असोज २ गते कम्माण्डर इनचिफ र १९०३ कार्तिक १२ गते नेपालका प्रधानमन्त्री भएका थिए ।

वि.स. १९०४ आषाढ शुक्रपक्ष सुदी पूर्णिमा मंगलबारका दिन तत्कालीन राजा राजेन्द्रलाई वीरगञ्च पश्चिम अलौबाट पिंजरामा थुनेर अपहरण शैलीमा काठमाडौं लगियो । उनलाई थुनेरै राखेपश्चात जंगबहादुर शक्तिशाली भए । हात्ती जम्मा गरी सुकेको ठूलो रुखको ठूटोमा बाध्न लगाए । त्यही ठाउँको घेराबार गर्न लगाए र त्यही स्थान नेपालको पहिलो हात्तीसार बन्न पुगेको हो ।

घर निर्माण भने चन्द्रशम्शेरको पालामा भएको थियो । तराईमा औलो उन्मुलन नभएसम्म हात्तीसार भीमफेदीमै थियो । पछि राप्तीदुन जग्गा विक्री वितरण कमिशनबाट फुर्केचौरदेखि पश्चिम माडीसम्म योजना बनेपश्चात टाढा भयो भनी तराईमा सारिएको थियो । प्रधानमन्त्री चन्द्रशम्शेरको पालामा विदेशी पाहुनालाई हात्ती चढाएर तराईमा सिकार खेलाउने गरिएकोले तत्कालीन हात्ती चढ्ने हौदाहरु आज पनि भीमफेदीमा छ । यहाँ भएको भौतिक पूर्वाधार तथा जग्गाहरु वेवारिसे अवस्थामा हुँदा स्थानीय निकायले सदुपयोग गर्न माग गरेका छन् ।

# बागमती सरकारले सञ्चारक्षेत्रको बजेट कटौतीप्रति पत्रकारको आपत्ती

साझाकुरा संवाददाता



हेटौंडा, ११ असार/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षको लागि सार्वजनिक गरेको बजेटमा सञ्चार क्षेत्रलाई उपेक्षा गरिएको भन्दै पत्रकार महासंघ बागमती प्रदेशलगायत १२ सञ्चार सम्बद्ध संगठनहरुले असन्तुष्टि जनाएका छन् ।

सञ्चारमैत्री बजेट निर्माणका लागि पटकपटक ध्यानाकर्षण तथा पहल गर्दा समेत बेवास्ता गरिएको भन्दै उनीहरुले मुख्यमन्त्री लगायत आन्तरिक तथा कानूनमन्त्री र आर्थिक मामिला तथा योजना मन्त्रीलाई बुधबार ध्यानाकर्षणपत्र बुझाएका हुन् ।

पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारुमगर नेतृत्वको टोलीले मुख्यमन्त्री बहादुर सिंह लामा, आन्तरिक मामिला तथा कानूनमन्त्री सुरजचन्द्र लामिछाने र आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेलाई ध्यानाकर्षणपत्र बुझाएको हो ।

सञ्चारमाध्यमले पाउँदै आएको लोककल्याणकारी विज्ञापनमा ८५ प्रतिशत कटौती गरिएको, पत्रकार संघ संगठनको प्रदेश समितिमार्फत पत्रकारको क्षमता विकासका कार्यक्रम खारेज गरिएको तथा श्रमजीवी पत्रकारको क्षमता विकास तथा हितका कार्यक्रम कटौती गरिएकोमा संगठनहरुले गम्भीर आपत्ति जनाएका छन् ।

प्रदेश सरकारको नीति तथा कार्यक्रममा समेटिएको पत्रकारलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने विषयलाई बजेटमा समावेश नगरिएकोमा पनि असन्तुष्टि व्यक्त गरिएको छ । सञ्चार हेर्ने आन्तरिक मामिला तथा कानून मन्त्रालयले केही लाख रुपैयाँ तजबिजमा बाँड्न राखिएको रकम बाहेक सञ्चार क्षेत्रलाई शून्य बजेट विनियोजन गर्नु दुःखद भएको उनीहरुको ठहर छ ।

लोकतन्त्रको अभिन्न अङ्ग सञ्चारक्षेत्रलाई कमजोर बनाउने गरी बजेट ल्याइएको भन्दै उनीहरुले बजेट संशोधन गरी सञ्चारमैत्री बनाउन माग गरेका छन् । सञ्चार क्षेत्रलाई निषेध गरी बजेट पारित गरिएमा संघर्षमा उत्रने चेतावनी दिइएको छ ।

ध्यानाकर्षणपत्र बुझ्दै मुख्यमन्त्री लामाले बजेट प्रणाली सुधारको आवश्यकता रहेको बताएका छन् । पत्रकारको मागका विषयमा आफू सकारात्मक रहेको बताउँदै मुख्यमन्त्री लामाले राज्यको चौथो अङ्गलाई विभेद गर्ने प्रदेश सरकारको नीति नरहेको दावी गरेका छन् ।

ध्यानाकर्षणपत्रमा नेपाल प्रेस युनियन, प्रेस चौतारी, प्रेस सेन्टर, आदिवासी जनजाति पत्रकार महासंघ, समाजवादी प्रेस संगठन, स्वतन्त्र पत्रकार संघ, सञ्चारिका समूह, सामुदायिक रेडियो प्रसारक संघ, ब्रोडकाष्टिङ एशोसियसन अफ नेपाल (बान) बागमती प्रदेश, राष्ट्रिय फोटो पत्रकार संघ नेपाल पत्रकार महासंघ मकवानपुरले संयुक्तरुपमा हस्ताक्षर गरेका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# ‘कर्मकाण्डी’ बजेट

जेठ र असार महिना आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गर्न संघीय, प्रादेशिक र स्थानीय सरकाले ठूलै कसरत गऱ्यो । बजेट पुस्तिका पढ्ने जिम्मेवारी पाएको व्यक्तिबाहेक अन्यलाई बजेटले छुन सकेन । प्रदेशको बजेट आफूलाई चित्त नबुझेको अभिब्यक्ति मुख्यमन्त्री बहादुरसिंह लामाले सार्वजनिक रुपमै दिंदै हिडे । स्थानीय सरकारले हिजोआज बजेट सार्वजनिक गरेका छन् । यो तीनै तहको बजेट अग्रगामी, जनमुखी बन्न सकेको छैन । केवल कर्मकाण्डी बजेटले सर्वसाधारण जनताको मर्मलाई छुने सम्भावना छैन । बिचौलियाको दवावमा आएको बजेटले राक्सिराङको ओढारे चेपाङ, मुसेधापको वनकरिया वा पावसको माझीजातिलाई समेट्न सक्दैन । अझै भन्ने हो भने सर्वसाधारणका लागि बजेट कौवालाई वेल पाकेसरह नै बन्न पुगेको छ । हेटौंडा उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि बजेटको आकार बढाएको छ । बिरालो बाँधेर श्राद्द गर्ने परिपाटी बजेटमा कायमै छ । संघीय बजेट शक्तिकेन्द्रको हालीमुहाली बन्ने, प्रदेशको बजेट कनिका छरेसरह बन्ने र स्थानीय तहको बजेट भोट आएको ठाउँका जनताका लागि मात्र बनेका छन् । यसले लोकतन्त्र र संघीयता कमजोर बनाउने नै हो । हेटौंडा उपमहानगरको १७ औं नगरसभा बैठकमा नगरउपप्रमुख राजेश बानियाँले २ अर्ब ९० करोड ३ लाख रुपैयाँको बजेट प्रस्तुत गरे । उपप्रमुख बानियाँले चालु आर्थिक वर्षको बजेटमा १९ प्रतिशत वृद्धि गरी बजेट प्रस्तुत गरे ।

उपमहानगरको नीति कार्यक्रम र बजेटबाट नगरबासीको आधारभूत आवश्यकता परिपूर्ति गरी जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने र लोकतन्त्रको सवलीकरण हुने उपप्रमुख बानियाँको भनाई छ । यो कोरा कल्पना मात्र बन्ने हो र वास्तबिकता बुझ्न कठीन छ । कैलाश गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले ५३ करोड ८६ लाख २० हजारको बजेट प्रस्तुत गरे । उनले आव २०८२/८३ मा आय २ करोड ३७ लाख १ हजार ८३० रुपैयाँ आन्तिरिक राजश्वको रुपमा, संघीय सरकारको वित्तीय समानीकरण अनुदान ९ करोड ८३ लाख, सर्शत अनुदान १९ करोड ३४ लाख, राजश्व बाँडफाँड ९ करोड ६७ लाख, विशेष अनुदान ७५ लाख, समपूरक अनुदान २ करोड ५८ लाख तथा प्रदेश सरकार वित्तीय समानीकरण अनुदान ९० लाख ५२ हजार, सर्शत अनुदान १३ करोड ४४ लाख ४ हजार विशेष अनुदान ६५ लाख समपूरक अनुदान २ करोड ६६ लाख र राजश्व बाँडफाँड सवारीसाधन कर ३ करोड ७६ लाख २२ हजार गरी ५३ करोड ८६ लाख २० हजार आय हुने प्रक्षेपण गरेको उपाध्यक्ष मल्लले बताए । भीमफेदी गाउँपालिकाले ९० करोड ६ लाखको बजेट ल्याएको छ । नीति तथा कार्यक्रमले समग्र भीमफेदी गाउँपालिकालाई विकसित बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने बताएको छ । भीमफेदीका प्रसिद्ध धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्ने, ऐतिहासिक भीमफेदी सहरलाई पुर्नजागृत गरी सास्कृतिक सहरको रुपमा विकास गर्ने, निजीक्षेत्रबाट केबलकार निर्माण गरी पर्यटकीयक्षेत्रको प्रवर्द्धन गर्न अवाश्यक सहजीकरण गर्ने योजना पालिकाको छ । मनहरी गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ का लागि ८७ करोड ७२ लाख ३९ हजार रुपैयाँको बजेट प्रश्तुत गरेको छ । गाउँपालिकामा भएको गाउँसभाको १७ औं अधिवेशनको दोस्रो बैठकमा पालिका उपाध्यक्ष सीता पुलामीले चालु आर्थिक वर्षको भन्दा करिब १० करोड कमको बजेट प्रश्तुत गरेकी हुन् । चालु आर्थिक वर्षको बजेट ९७ करोड २७ लाख २८ हजार ६ सय रुपैयाँ रहेको छ ।

आगामी आर्थिक वर्षका लागि आयतर्फ आन्तरिक आयस्रोत तथा बैंक नगद अल्याबाट २६ करोड २ लाख ९० हजार ४६४ रुपैयाँ, संघीय सरकारको वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँट, समपुरक, सशर्त र विशेष समेत गरी ५२ करोड ५४ लाख ५४ हजार ५३६ रुपैयाँ, प्रदेश सरकारको सामनीकरण अनुदान, सवारी कर बाँडफाँट, सशर्त, समपुरक र विशेषगरी ८ करोड ९८ लाख ७४ हजार निकासा हुने र बाँकी १५ लाख ५० हजार रुपैयाँ अन्य संस्थागत आन्तरिक अनुदानबाट प्राप्त हुने अनुमान गरिएको छ । राक्सिराङ गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि कुल ६३ करोड ५२ लाख ३१ हजार रुपैयाँको बजेट ल्याएको छ । चालु आर्थिक वर्ष २०८१/८२ को तुलनामा ८ करोड ९० लाख ५८ हजार रुपैयाँ अर्थात् १६ दशमलव ३ प्रतिशतले वृद्धि गरी गाउँपालिकाले बजेट ल्याएको हो । गाउँपालिका उपाध्यक्ष बनस्तम थिङले पेश गरेको बजेटमा चालु र पूँजीगत खर्चको विवरणसँगै संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक स्रोतबाट जुटाइने आम्दानी समावेश गरिएको छ । बजेट अनुसार आगामी वर्ष चालु खर्चतर्फ ४८ करोड ५३ लाख ५४ हजार रुपैयाँ र पूँजीगत खर्चतर्फ १४ करोड ९८ लाख ७७ हजार रुपैयाँ विनियोजन गरिएको छ । मकवानपुरगढी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि ७४ करोड ५ लाख ८४ हजार रुपैयाँको अनुमानित बजेट सार्वजनिक गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार १३ गते शुक्रबार २७ जुन २०२५ । द्वितीया, असाढ शुक्लपक्ष । दिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:१२, सूर्यास्त ७:०२ । सूक्ष्म, साना र मझौला उद्यम (MSME) दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | **तुला** | : मौकाको फाइदा लिन सकिनेछ |
| **वृष** | : प्रेमको बन्धन कसिन सक्नेछ | **वृश्चिक** | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ |
| **मिथुन** | : चुनौतीहरु देखा पर्न सक्नेछ | **धनु** | : मुद्दा-मामिलामा विजयी भइनेछ |
| **कर्कट** | : व्यवसायमा सामान्य फाइदा हुनेछ | **मकर** | : लगनशीलताले उपलब्धि दिलाउनेछ |
| **सिंह** | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ | **कुम्भ** | : प्रयत्न सफल हुनेछ |
| **कन्या** | : यात्रामा खर्च बढ्नेछ | **मीन** | : पढाइलेखाइमा प्रगति हुनेछ |

# देश सुधार्न हामीले प्रहार गर्नुपर्ने ठाउँ कहाँ हो ?



गणेश कार्की

**पहिले दुई वटा प्रसंगबाट शुरू गरौं :**

**प्रसंग-१ :** महाभारतको आदि पर्वमा एउटा प्रसंग उल्लेख छ । पाण्डव र कौरवहरूका गुरु द्रोणाचार्यलाई आफ्ना चेलाहरूको धनुर्विद्या कौशलको परीक्षण गर्न मन लाग्यो । उनले रूखमा एउटा काठको चरा राखे र त्यसको आँखालाई निशाना बनाउन शिष्यहरूलाई आदेश दिए । सबै शिष्यहरू गुरुको आदेशबमोजिम तयार भए । निशानातिर बाण सोझ्याएर बसेका एक-एक गरेर सबै शिष्यहरूलाई द्रोणाचार्यले सोधे, “तिमीले के देख्छौ ? सही जवाफ दियौ भने मात्र बाण हान्न पाउँछौ !”

पालैपालो सबैले जवाफ भन्दै गए । कसैले चरा भने । कसैले रूख भने । कसैले पात भने । कसैले हाँगा भने । कसैले आकाश भने । कसैलाई पनि द्रोणाचार्यले बाण हान्ने आदेश दिएनन् । पालो आयो अर्जुनको । अर्जुनले भने, “मैले त चराको आँखा मात्र देखिरा’छु ।” यो जवाफले उनको एकाग्रता र लक्ष्यप्रतिको समर्पणलाई देखायो । द्रोणाचार्यले उनलाई निशाना लगाउन अनुमति दिए । र, अर्जुनले सटिक रूपमा चराको आँखामा तीर हाने ।

त्यसपछि नै अर्जुनलाई महान् धनुर्धरका रूपमा सोच्न थालियो । अर्जुनलाई महान् धनुर्धर मान्ने कुरामा धेरैको आपत्ति थियो । उनीहरूको तर्क हुन्थ्यो, अरूले त धनु चलाउनै पाएनन्, बाण हान्नै पाएनन् । अरूले पनि बाण हान्न पाएको भए कुरै बेग्लै हुन्थ्यो । वास्तवमा महान् धनुर्धर हुनुको अर्थ निशाना साध्नु मात्र होइन, निशाना छान्नु पनि हो । निशाना छान्न नसक्नेहरूको निशाना हान्न सक्ने दक्षता सधैं हितकारी नै हुन्छ भन्न सकिंदैन । र महान् भनिनेहरूबाट हुने हानि सहज सन्देहको विषय हुनुहुँदैन ।

**प्रसंग-२ :** एउटा ठूलो समुद्री जहाजको इन्जिन एक दिन अचानक बिग्रियो । जहाज बीच समुद्रमा अड्कियो । र, मालिकलाई करोडौंको नोक्सान हुने खतरा भयो । जहाजका इन्जिनियर, विशेषज्ञ प्राविधिकहरूले दिनरात खटेर पनि इन्जिन बनाउन सकेनन् । सबैले हार माने । केही उपाय नलागेपछि त्यो क्षेत्रमा जस्तो पनि जहाज बनाउन सक्ने हल्ला चलेका बुढा मेकानिकलाई बोलाइयो । उनी जहाजमा आएर इन्जिनको निरीक्षण गरे । केहीबेर सोचमग्न भए । अनि, उनले आफ्नो औजारको झोलाबाट एउटा साधारण घन निकाले । इन्जिनको एउटा खास ठाउँमा घनले ट्वाक्क हाने । त्यसपछि इन्जिन चलाउन लगाए ।

अचम्म ! इन्जिन शुरू भयो ।

“यो त सजिलो काम रहेछ !” जहाजका मालिक खुशी भएर सोधे, “कति पैसा लिनुहुन्छ ?” बूढा मेकानिकले मुस्कुराउँदै भने, “मेरो ज्याला १० लाख हो ।”

जहाज मालिक छक्क परे । उनले भने, “घनले हान्न मात्र त तपाईंलाई एक सेकेन्ड पनि लागेन होला ! त्यति कामको यति धेरै पैसा ? मलाई अप्ठ्यारो परेको देखेर मौकाको फाइदा उठाउनुभएको हो ?”

मेकानिकले शान्त स्वरमा जवाफ दिए, “मौकाको फाइदा उठाएको होइन हजुर । घन हान्नलाई त एक सेकेन्ड मात्र लाग्यो, तर त्यो घन कहाँ र कति जोडले हान्नुपर्छ भन्ने सिक्न मलाई वर्षौं लाग्यो । यो पैसा त्यो अनुभव र ज्ञानको मूल्य हो ।”

जहाज मालिकसँग बुढा मेकानिकले भने जति नै शुल्क नदिनुको विकल्प थिएन । प्रहार गर्ने ठाउँ पत्ता लगाएर सही जोडले प्रहार गरेपछि मात्र समाधान सम्भव हुन्छ भन्ने मालिकलाई थाहा नहुने कुरा थिएन ।

तर के हामीलाई थाहा छ ?

नेपाली राजनीति बिग्रिएको छ । सबैले भन्ने र सर्लक्कै सहमति दिने तर्क हो यो । तर कहाँ बिग्रियो र कहाँ प्रहार गर्दा समाधान निस्किन्छ भन्नेमा कमै मात्र बोलिन्छ, सुनिन्छ, पढिन्छ । एकपटक ध्यानपूर्वक सोचौं- सरकारी कार्यालय पुगेपछि सहज रूपमा व्यावसायिक सहयोग पाइन्छ भन्नेमा ढुक्क हुने नेपालीको संख्या कति होला ? कर्मचारीले असहयोग वा बदमासी गरेमा उसलाई उचित दण्ड हुनेछ भन्नेमा ढुक्क हुने सेवाग्राहीको संख्या कति होला ?

कुनै दलको फेरो नसमाती निष्पक्ष भएर कार्यसम्पादन गर्दा मेरो वृत्ति-विकास हुन्छ भन्नेमा ढुक्क हुने कर्मचारीको संख्या कति होला ? प्रहरी प्रशासनले गर्ने छानबिन निष्पक्ष हुन्छ भन्नेमा ढुक्क हुने नेपालीको संख्या कति होला ? अख्तियारमा उजुरी पर्छ, त्यो उजुरी सुशासनका लागि मात्र हो र अख्तियारले निर्धक्क र निष्पक्ष काम गर्छ भन्नेमा ढुक्क हुने नेपालीको संख्या कति होला ? बजेट बन्छ, बजेटमा राष्ट्रिय प्राथमिकताका आधारमा रकम बाँडिएको छ र आफ्ना निकटलाई खुवाउने बाटो बनाइएको छैन भन्नेमा ढुक्क हुने नेपालीको संख्या कति होला ?

अदालतमा कुनै पनि मुद्दामा कुनै अवाञ्छित प्रभावमा नपरी फैसला हुन्छ भन्नेमा ढुक्क हुने नेपालीको संख्या कति होला ? गल्ती गरे राज्यले देख्छ र सजाय पाउनुपर्छ भनेर डर मान्ने बिचौलिया कति होलान् ? गल्ती नगरे पछि कसैको आँखामा बिझाएकै भरमा जीवनभरको कानूनी झमेला बोक्नुपर्दैन भनेर ढुक्क हुने आमनागरिकको संख्या कति होला ? सत्ता आफ्नो भएपछि सबै कुरा मिल्छ भनेर सत्ता पर्खिएका नेताको संख्या कति होला ?

पक्कै पनि संख्या ठूलो छ । यो संख्या राज्यप्रतिको अविश्वासको संख्या हो । यो सबै के कारणले भइरहेको छ भन्नलाई धेरै घोत्लिरहनै पर्दैन । कारण हो, दलहरूको भागबण्डाबाट हुने नियुक्ति, बढुवा र सुरक्षा । दलहरूको संक्रमण । दलहरू जहाँसुकै घुसेका छन् । केही मुठ्ठीभरका मान्छेले दल घुसाएर व्यक्तिलाभ लिएका छन् ।

दलमा लाग्यो भने पालो आउँछ, दलमा लागेन भने फसाइदिन्छन् भन्ने तर्क गरी-गरी, व्यवहारमा यसकै उदाहरण पस्की-पस्की तिनैले अरूलाई पनि प्रलोभन र धम्कीले आफ्नो पछाडि लामबद्ध राखेका छन् ।

सरकार बिजुली बालेर आलोचना गर्दा पनि विद्युतीय वस्तु चलाएर गरेको भएर विद्युतीय कारोबार ऐन लगाउन मिल्छ भन्नेसम्म पुग्न लाग्दैछ । सामाजिक सञ्जालमा लेख्यो कि विद्युतीय कारोबार ऐन सक्रिय भइहाल्छ । मानौं कि लेख्नु अब कारोबार हो । कारोबार विना गर्नै पर्ने निर्णयमा आफ्नै हस्ताक्षर समेत लेख्न कलम नउठाउनेहरूले हरेक लेखाइलाई कारोबार देख्नु अस्वाभाविक होइन ।

तर अदालत फैसलाको पुछारमा ‘खबरदार, फैसलाको विरूद्धमा लेख्लाउ’ भन्ने चेतावनी लेखेर बस्छ । अदालतको हरेक निर्णय अपरिवर्तनीय र असहमति बेगरको हुने हो भने तीन तहका अदालत किन चाहिन्थ्यो ? लोकतन्त्रले अदालतप्रतिको विमतिलाई स्वीकारेर नै एउटा अदालतको निर्णयका विरुद्ध अर्को अदालतमा चुनौती दिने व्यवस्था गरेको होइन ?

अदालतले बुझ्न किन मानिरहेको छैन कि सामाजिक सञ्जालमा फैलने धेरै विमति फैसलाप्रतिको विमति हुन्छ, न्याय प्रणालीप्रतिको विमति हुँदैन । तर बिग्रिएको राजनीतिको बाछिटाले फैसलाको विमति भन्दा न्याय प्रणालीप्रतिकै विमति बढ्दो छ ।

विगतमा हामीले देखेका छौं, न्यायाधीश नियुक्ति हुने बित्तिकै पार्टी कार्यालयमा पुगेर बधाई लिएको । प्रधानन्यायाधीश हुने बित्तिकै अदालतभित्रको सेटिङ, बिचौलिया र भ्रष्टाचार रोक्छु भनेको ।

देखिएका, भोगिएका कुराहरूबाटै न्यायमा दलीय संक्रमण छिर्‍यो लेख्दा, अदालतमा भ्रष्टाचार छ भन्दा जोगिनुपर्ने हामीले हो ? आदेशको पुछारमा ‘खबरदार, फैसलाको विरुद्धमा लेख्लाउ’ भन्ने चेतावनी पढेर तर्सिनुपर्ने हामीले हो ? यो गलत भइरहेको छ ।

तर भन्न डराउनुपर्ने, सोच्न झस्किनुपर्ने भएको छ । डर यसरी बढेको छ कि अब वाक् स्वतन्त्रता होइन, विचारको स्वतन्त्रतामाथि समेत धावा बोलिन थालेको छ । दिमागमा आउने कुविचार रोकिनु सभ्य समाजको जित हो तर दिमागमा विचार रोकिनु सभ्य समाजको पराजय हो । संवैधानिक निकायको स्वायत्तता र विश्वसनीयता खतरामा परेको अहिले भर्खरै होइन । अदालतमा विकृति देखिन थालेको पनि अहिले भर्खरै होइन । तर विकृति सतहमा नै देखिन थालेको छ । हाकाहाकी हुन थालेको छ । त्यसमा गौरव गर्ने स्वभाव देखिन थालेको छ ।

यस्तो अवस्थामा आमनागरिकको लागि अन्तिम आशा भनेकै अदालत हो । जसको केही छैन, उसको अदालत छ भन्ने दिनसम्म राज्यका सबै कुरा सकिए पनि राज्य रहन्छ । नागरिक अदालत पुग्छ । अदालतप्रति गरिने सम्पूर्ण आलोचना अदालत सकियोस् भनेर गरिन्न, बरू अन्तिम अवस्थामा पनि उपयोगी हुने सञ्जीवनी बुटीका रूपमा अदालत रहोस् भन्ने हुन्छ । यस्तोमा अदालतका बारेमा लेख्नु अदालतको अपमान होइन, गाह्रो पर्दा सम्झनामा आएका बुबाआमा जस्तो हो ।

तर दुर्भाग्य, संक्रमण सबैलाई थाहा हुन्न रै’छ एउटा भनाइ छ, जाँड लागेको र घमण्ड बढेको ऊ बाहेक सबैलाई थाहा हुन्छ । मानसिक स्वास्थ्यमा काम गर्ने साथीहरू भन्छन्, धेरैजसो अवस्थामा मानसिक रोगको बिरामीले आफूलाई रोग लागेको थाहा पाउँदैन र भनिदिए पनि पत्याउँदैन ।

हाम्रो समाज त्यस्तै भएको छ । दलमा लागेर दलीय संक्रमणले लगाम लगाइएको घोडा भइसकेको थाहा हुन्न । रोग सल्किएर यस्तो अवस्थामा पुगेको छ कि चाँडोभन्दा चाँडो उपचारको आवश्यकता छ भन्ने बिरामीलाई थाहै हुन्न । भर्खरै एमालेको विद्यार्थी संगठनको अधिवेशन भयो । एक जना भाइ, जो मेरो फेसबुकमा साथी छन्, उनी पदाधिकारीमा उठेछन् । १० वर्षको उमेर छँदा नै म एमालेको क्याडर बनिसकेको हुँ र मलाई फलानो नेताले राजनीतिक बाटो खोलिदिनुभयो भनेर सगौरव त्यो बेलाको धमिलो फोटो फेसबुकमा पोस्ट गरेका थिए ।

तिनलाई कसले भन्दिने कि भाइ, तिम्रो बाटो खोलिदिएको होइन, बाटो बन्द गरिदिएको हो । तिमीलाई १० वर्षमा नै ललाईफकाई गराएर उनीहरूको बाटोमा हिंडाइसकें । बहकिएर तिमीले अन्य सम्बन्ध, विकल्पहरूबाट यसरी टाढिएका छौ कि तिमीलाई थाहा भएको दिन पनि अरू विकल्पका बारेमा सोच्नु अगाडि सयौं बन्धन तोड्नुपर्छ । र, त्यो बन्धन तोड्नै नसक्ने गरी तिमीलाई घोडालाई झैं लगाम लगाइ सकिएको छ, १० वर्षको उमेरमा नै । साक्षीभावले हेर्ने हो भने उनको गौरव दुरूस्तै सुनको पिंजडा बनाइदियो भनेर खुसी हुने सुगा जस्तो देखिन्छ ।

मालिकले सुनको पिंजडा बनाइदिए भनेर गौरव गर्ने सुगाहरूले देश भरिंदैछ । नागरिकलाई त्यस्तो सुगा बन्न रोक्ने हो भने सबैभन्दा पहिले कुनै पनि शिक्षालयबाट राजनीतिक दललाई बाहिर निकालौं । विद्यार्थी र शिक्षकका दलीय संगठनहरू खारेज गरौं । विद्यार्थीलाई राजनीति सिकाउने स्कूल र कलेजले हो, राजनीतिक दलले होइन ।

कर्मचारीहरूको व्यावसायिकता बिग्रिएको एक-दुई कर्मचारीको त्रुटि र अपराधले होइन, यो सामूहिक छ । त्यो सामूहिकतालाई दलले प्रश्रय दिएको छ । नागरिकको करबाट सेवा-सुविधा पाउने कर्मचारीको दलीय संगठन खारेज गरौं । विश्वविद्यालय, राजदूत लगायत भागबण्डामा नियुक्तिहरू बन्द गरौं । सरकारले गर्ने नियुक्तिहरू मेरिटका आधारमा गर्न अनिवार्य गरौं । न्यायप्रणाली, अख्तियार लगायत संवैधानिक अंगहरूको तटस्थता कायम गर्न राजनीतिक नियुक्ति बन्द गरौं ।

कर्मचारीहरूलाई जागिर छोड्ने बित्तिकै राजनीतिक नियुक्ति लिन नपाउने गरी उचित कुलिङ पिरियड आवश्यक छ । त्यस्तै राजनीतिक दलमा लागेकाहरूलाई पनि राजनीतिक दलको सदस्य हुन नपाउने योग्यताको नियुक्ति लिन कुलिङ पिरियडको आवश्यकता छ । यसले पनि दलीय संक्रमणको जालो केही हदसम्म तोड्न सक्छ । अर्जुनले चराको आँखा देखे जस्तै हेर्ने हो भने प्रस्ट देखिन्छ, नेपालको सबैभन्दा ठूलो बेथितिको मेरुदण्ड नै दलको जथाभावी संक्रमण हो । जहाँ पनि दल पुग्नु हो । दललाई दलको सीमामा राख्न र राज्यलाई थितिमा हिंडाउन बुढो मेकानिकले ठाउँमा ट्वाक्क प्रहार गर्दा पानीजहाज चल्न थाले जस्तै दलीय संक्रमणका विरुद्धमा प्रहार गरौं !

*(साभार: अनलाइनखबर)*

# लोभी शासक, कुशासन र पीडित प्रजा

सागर पण्डित

*‘राज्य सञ्चालनमा जब शासक नै लोभी हुन्छ, तब सम्पूर्ण प्रजा पीडित हुन्छन् ।’*
*‘भ्रष्ट शासकको हातमा शक्ति सुम्पनु भनेको चरा मार्न बाघ पठाउनुसरह हो ।’*
*-चाणक्य नीति*

भारतीय राजनीतिज्ञ, अर्थशास्त्री तथा कूटनीतिज्ञ चाणक्यले करिब २३०० वर्षअघि नै सुशासनका आधारस्तम्भ र भ्रष्टाचारका खतराहरूबारे स्पष्ट चेतावनी दिएका थिए । उनको भनाइ अहिले पनि नेपालजस्तो लामो समयदेखि भ्रष्टाचारले गाँजिएको मुलुकका लागि मार्गदर्शक बन्न सक्छ । आज नेपालको सार्वजनिक प्रशासन, राजनीति र संस्थागत ढाँचामा गहिरोरूपमा भ्रष्टाचार मौलाएको छ । मुलुकको विकासलाई अवरुद्ध पार्ने, जनताको भरोसा समाप्त गराउने, सुशासनको जग नै हल्लाउने यो रोगको अन्त्य आजको सबभन्दा ठूलो आवश्यकता बनेको छ । वर्तमान सरकारले विकास निर्माणलाई केन्द्रविन्दुमा राखेर सोही अनुसारका नीति, योजना र कार्यक्रम बनाए पनि त्यस्ता योजनाको सशक्त कार्यान्वयन गराउन सुशासनमा नै विशेष ध्यान दिन अत्यावश्यक छ । सुशासनविना विकास निर्माणका कार्यले गति लिन सक्दैन र परिणाम पनि आउन सक्दैन । विगतदेखि नै अधिकांश शासकहरुले एकथोक बोल्ने तर अर्कै काम गर्ने प्रवृत्ति देखाउँदै आएका छन् ।

कुशासनको चक्र चलाउन निपुण हुँदै आएका शासकहरुलाई अब बिस्तारै विस्थापित गर्नुपर्ने मागहरु सर्वत्र उठ्न थालेका छन् । त्यसैले अहिलेका शासकहरु अब आमूलरुपमा सच्चिनुको विकल्प छैन । कि सच्चिने, नभए सक्किने अवस्थामा उनीहरु पुगेका छन् । के गर्छन् ? त्यो उनीहरुकै कुरा भयो । नेपालमा सुशासन किन स्थापित हुन सकेन ? भन्ने बारेमा गम्भीर छलफल र बहस गर्न जरुरी छ । नेपालमा सुशासन स्थापनामा विफलताको पछाडि केही गम्भीर संरचनात्मक र व्यावहारिक कारणहरू छन् ।

राजनीतिक संरक्षण : ठूला-ठूला भ्रष्टाचार प्रकरणमा संलग्न व्यक्तिहरू राजनीतिक पहुँचका कारण कानुनी दायरबाट उम्कने गरेका छन् ।

अधिनायकवादी मानसिकता : सत्तामा पुगेपछि जवाफदेहिताको ठाउँमा अहंकार र सत्ताको दुरुपयोग हुने प्रवृत्ति मौलाएको छ ।

प्रशासनिक लचिलोपनको अभाव : नीतिगत अस्पष्टता र कार्यान्वयनको कमजोरीले गर्दा सार्वजनिक सेवा प्रभावकारी हुन सकेको छैन ।

निष्क्रिय जनउत्तरदायित्व : राज्यका अंगप्रति नागरिकको निगरानी न्यून छ, जसले भ्रष्टहरूको मनोबल बढाएको छ ।

भ्रष्टाचारले व्यक्तिको प्रतिष्ठा मात्र नभई राष्ट्रको नैतिक र आर्थिक संरचनालाई धरापमा पार्दछ । ठेक्का प्रणालीदेखि कर्मचारी सेवा, स्वास्थ्य, शिक्षा, अदालत, प्रहरी, स्थानीय तहसम्म भ्रष्टाचारको घुन फैलिएको छ । भ्रष्टाचार विकासका लागि खनिएको मार्गमाथि बनेको पर्खाल हो, जसलाई भत्काउनुपर्छ । बर्सेनि अर्बौंको बेरुजु, अनियमित राजस्व छुट, सार्वजनिक सम्पत्तिको दुरुपयोग, नियुक्तिमा सेटिङजस्ता विकृतिले समृद्ध नेपाल निर्माणको सपना तहसनहस पार्दै आएका छन् । हालै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ठूला-ठूला माछाहरूलाई पक्राउ गर्दै भ्रष्टाचारविरुद्धको लडाइँलाई नयाँ उचाइमा पुऱ्याएको छ । अख्तियारले इतिहासमा नै पहिलोपटक पूर्वप्रधानमन्त्रीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । ठूला-ठूला भ्रष्टाचार प्रकरणमा सहभागी भएकाहरु पनि छानबिनको दायरामा आइरहेका छन् । अख्तियारको यस कार्यले कुनै पनि व्यक्ति कानुनी दायराबाहिर छैन भन्ने सन्देश प्रवाह भएको छ । आगामी दिनमा पनि अख्तियारले यस्तै ठूला भ्रष्टहरूलाई कानुनी दायरामा ल्याउनुपर्छ भन्ने माग आम जनताको रहेको छ । यो सिलसिला अझै सशक्त, निष्पक्ष र निरन्तर चलिरहनुपर्छ ।

अख्तियारले जनविश्वास जित्दै ठूला-ठूला काण्डका दोषीमाथि पारदर्शीरुपमा अनुसन्धान गरी समयमै मुद्दा फर्स्यौट गर्ने प्रवृत्तिलाई अझै बढाउनुपर्छ । यद्यपि भ्रष्टाचार नियन्त्रण गर्ने प्रमुख दायित्व भने सरकारकै हो । अत: सरकारले भ्रष्टाचारविरुद्ध स्पष्ट कार्ययोजना ल्याएर त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । साथै अख्तियार, महालेखा, राष्ट्रिय सतर्कता केन्द्रलगायतलाई अधिकार सम्पन्न बनाउन सोही अनुसारका आवश्यक कानुनी व्यवस्था ल्याउनुपर्छ ।

सेवा प्रवाह पारदर्शी बनाउन, ई-गभर्नेन्स, डिजिटल ट्र्याकिङ प्रणालीजस्ता प्रविधिको अधिकतम उपयोग गर्नुपर्छ । संवेदनशील क्षेत्रहरूमा उच्च निगरानी र पदाधिकारीहरूको सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्छ । नेपालमा भ्रष्टाचार प्रणालीगत, संस्थागत र सामाजिक संरचनासँग गाँसिएको गम्भीर समस्या हो । मुख्यरूपमा भ्रष्टाचार निम्न क्षेत्रमा व्यापकरूपमा देखिन्छ :

**राजनीति र नीति निर्माण तहमा :**

अधिकांश नीतिहरु आमजनताको हित अनुरुप बनाउने उद्देश्यअनुसार होइन, लाभदायी समूहहरूलाई फाइदा पुग्ने गरी बनाउने प्रवृत्ति ।

ठेक्कापट्टा, कर छुट, आर्थिक नीति, सार्वजनिक नियुक्ति आदिमा आफ्नो पार्टी र आसेपासेलाई प्राथमिकता ।

**प्रशासन र कर्मचारीतन्त्रमा :**

सेवा प्रवाहमा ढिलासुस्ती, घुसविना काम नहुने मानसिकता । सार्वजनिक सेवा प्रवाहमा पनि घुसको लेनदेन अत्यधिक ।

मालपोत, नापी, जिल्ला प्रशासन, इन्जिनियरिङ सेवा, ठेक्कापट्टाका काम, कर कार्यालय आदिमा दैनिक भ्रष्ट अभ्यास ।

**सार्वजनिक खरिद र निर्माण क्षेत्रमा :**

गुणस्तरहीन निर्माण कार्य, कमिसनको भागवण्डा, योजना विभाजन गरी रकम कुम्ल्याउने प्रवृत्ति ।

सडक, भवन, खानेपानी, विद्यालय निर्माणजस्ता क्षेत्रमा अत्यधिक भष्टाचार ।

**स्वास्थ्य र शिक्षा क्षेत्रमा :**

औषधि खरिददेखि सेवा प्रवाहसम्ममा दलाली र स्वार्थको घेराबन्दी ।

क्याम्पस, विश्वविद्यालयहरूमा आर्थिक पारदर्शिता नहुँदा बेरुजु बढ्दै ।

**स्थानीय सरकार तहमा :**

गाउँपालिका-नगरपालिकामा योजना चयन, कार्यान्वयन र मूल्यांकनमा दलगत भागवण्डा, आफन्त र ठेकेदारसँग सेटिङ ।

हामीकहा यस्ता क्षेत्रमा भ्रष्टाचार व्यापक छ । सरकारकै उच्च तहको मिलेमतोमा भ्रष्टाचार भइरहेको छ । राजनीतिक तहबाटै भ्रष्टाचार रोकिनुपर्नेमा उल्टै संरक्षण हुने प्रवृत्ति खतरनाक छ । सरकारको अनुगमन प्रणाली सशक्त छैन । भ्रष्टहरुलाई आफू कडा कारबाहीमा पर्छु भन्ने डर खासै छैन । हामीकहाँ नैतिक शिक्षाको अभाव पनि भ्रष्टाचार बढ्नुको प्रमुख कारणमध्ये एक हो । विद्यालयस्तरदेखि नै उच्च शिक्षासम्ममा नै नैतिक शिक्षासम्बन्धी विषयहरु समावेश गर्नुपर्ने आवश्यकता बढेर गएको छ । सरकारी अधिकारीहरु र जनप्रतिनिधिहरुलाई सदाचार नीतिमा बाँध्नुपर्छ । केही समयअघि मात्रै सबै राष्ट्रसेवक, जनप्रतनिधि तथा निजी क्षेत्रलाई समेत आर्थिक अनुशासनमा बाँध्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सदाचार नीति ल्याउने उद्देश्यले त्यसको मस्यौदासमेत बनाएर धेरै चरणमा छलफल गराएको थियो । तर सदाचार नीतिको मस्यौदा पछि एकाएक गायब पारिएको थियो । त्यसैले पनि मुलुकमा कुशासन अत्यधिक बढ्न पुगेको हो । यसै गरी भ्रष्टाचार गर्नेहरुमाथि कानुनी कारबाहीको डरको कमी, नैतिक शिक्षाको अभाव, नागरिकको मौनता, पार्टी र नेताको अकूत खर्च प्रवृत्ति तथा राष्ट्रसेवक तथा जनप्रतिनिधिहरुको अत्यधिक लोभलालचका कारण पनि भ्रष्टाचार व्याप्त भइरहेको छ ।

राजनीतिक इच्छाशक्ति बलियो बनाउनुका साथै भ्रष्टाचारमा शून्य सहनशीलताको नारा मात्र होइन, कारबाहीमा कठोरता ल्याउन सक्नुपर्छ । जनतालाई अनुभूत दिने भ्रष्टमाथिको कारबाहीलाई निरन्तरता दिनुपर्छ । सबै दल र नेताले आ-आफ्नो घरमा रहेको भ्रष्टाचाररुपी फोहोर सफा गर्ने संकल्प गर्नुपर्छ । *(साभार: न्यूज अफ नेपाल)*

# माधव नेपालविरुद्धको थुनछेक बहसमा के भयो ?



काठमाडौं/ पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल विरुद्धको पतञ्जली जग्गा प्रकरणको भ्रष्टाचार मुद्दामा थुनछेक बहस सकिएको छ । पूर्वप्रधानमन्त्री नेपाल बुधबार विशेष अदालतमा उपस्थित भएपछि दिँउसो २ बजेसम्म उनको बयान भएको थियो, त्यसलगत्तै करिव ३ घण्टा दुवै पक्षबीच थुनछेक बहस भयो ।

अखितयारको तर्फबाट उपस्थित बरिष्ठ अधिवक्ता सुशील पन्तले आरोपपत्रमा उल्लेखित विवरणहरु सुनाए । एकपछि अर्को घटनाक्रम पेश गर्दै उनले मन्त्रीपरिषद्को निर्णयबाट नै भ्रष्टाचार भएको र त्यसमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई उन्मुक्ति दिन नहुने जिकिर गरे ।

अख्तियारले दायर गरेको भ्रष्टाचार मुद्दाको बहस पैरवीका लागि १२ वर्षअघि विशेष सरकारी वकिलको कार्यालय स्थापना भएको छ । अख्तियारले दायर गर्ने भ्रष्टाचार मुद्दाको बहस पैरवी गर्ने त्यो निकायका सरकारी वकिलहरु अपर्याप्त भएको ठानेमा अख्तियार आफैंले पनि सरकारी वकिलहरु विशेष अदालतमा पठाउने गर्छ ।

त्यसबाट पनि एक कदम अघि बढेर अखितयारले स्वतन्त्र कानून व्यवसायीलाई वकालतनामा गरेर मुद्दाको बहसका लागि पठाएको हो । यसअघि हिमाल मिडियाका प्रकाशक कनकमणि दीक्षितलाई पक्राउ गर्दा अखितयार प्रमुख लोकमानसिंह कार्कीले पूर्वमहान्यायाधीवक्ता डा. युवराज संग्रौलालाई यसैगरी 'हायर' गरेका थिए ।

बरिष्ठ अधिवक्ता पन्तले केहीबेर बहस पैरवी गरेपछि विशेष अदालतका सदस्यहरु तेजनारायण सिंह राई, रामबहादुर थापा र विदुर कोइरालाको इजलासले दुईवटा प्रश्न अघि सारेको थियो । पहिलो, मन्त्रिपरिषद्को निर्णयमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्न र मुद्दा चलाउन सक्छ कि सक्दैन ?

दोस्रो, अख्तियारले भ्रष्टाचार नियन्त्रण ऐन-२०५९ को दफा १७ अनुसार 'सरकारी सम्पत्ति हानिनोक्सानी गरेको' आरोपमा मुद्दा दायर गरेको छ । पतञ्जलीको त्यो जग्गा सरकारको नाममा आएकै थिएन भन्ने जिकिर छ । कसरी सरकारलाई हानीनोक्सानी पुगेर भ्रष्टाचार भयो ?'

बरिष्ठ अधिवक्ता पन्तले दुई प्रश्नमाथि सम्बोधन गर्ने प्रयास गरे । मन्त्रिपरिषद्का नीतिगत निर्णय मात्रै अख्तियारले हेर्न नसक्ने भन्दै उनले पतञ्जली जग्गाको विषय नीतिगतमा नपर्ने जिकिर गरे । त्यसबाहेक अनिवार्य सरकारीकरण हुनुपर्ने जग्गा सट्टापट्टा गरिएको भन्दै उनले सरकारको स्वामित्व कायम हुने सुनिश्चित भएको जग्गा सट्टापट्टाले सार्वजनिक सम्पत्तिमा हानीनोक्सानी पुगेको बताए ।

अनि उनले पूर्वप्रधानमन्त्री नेपाललाई थुनामै राखेर मुद्दाको प्रक्रिया अघि बढाउनुपर्ने माग गरे । 'थुनामा राख्ने विषय अपवाद बन्नुपर्छ' उनले भने, 'पतञ्जली जग्गा प्रकरण अपवाद भएकाले थुनाबाटै मुद्दाको प्रक्रिया अघि बढोस् ।'

उनीपछिका सरकारी वकिलहरुले संवैधानिक पदमा रहेका व्यक्तिहरुले भ्रष्टाचार गरेमा थप सजायको व्यवस्था गरेकाले थुनछेक आदेशका क्रममा त्यो पाटोलाई ध्यान दिनुपर्ने बताए । जग्गा हदबन्दी सम्बन्धी कार्यविधि निलम्बन गरेर निर्णय भएको भन्दै उनीहरुले यसअघि सुनिल पौडेल र विकल पौडेललाई थुनामा राख्दा भएको आदेशको दृष्टान्त पेश गरे । अखितयारका सहन्यायाधीवक्ता ज्ञानप्रसाद भुषालले मन्त्रिपरिषद्बाट निर्णय भएको नाममा उन्मुक्ति दिन नमिल्ने जिकिर गरे । विशेष सरकारी वकिलको कार्यालयका प्रमुख मोहन सागर बस्यालले पूर्वप्रधानमन्त्री नेपालले बयानमा गरेका दुई दावीमाथि प्रश्न गरे ।

बयानमा पूर्वप्रधानमन्त्री नेपालले पतञ्जलीको जग्गा सट्टापट्टाको निर्णय नीतिगत भएको दावी गरेका थिए भने उनले त्यस्तो निर्णयमाथि अनुसन्धान गर्न अखितयारको क्षेत्राधिकार आकर्षित हुन नसक्ने जिकिर गरेका थिए ।

त्यसको प्रतिवाद गर्दै सह-न्यायाधीवक्ता बस्यालले तत्काल प्राप्त प्रमाणका आधारमा थुनछेक आदेश हुनुपर्ने माग गरे । मन्त्रिपरिषद्को निर्णय नीतिगत प्रकृतिको नभएको र अख्तियारको क्षेत्राधिकार समेत आकर्षित हुने भन्दै उनले बहसमा भने, 'एकपछि अर्को सिलसिलेवार घटनाले भ्रष्टाचार भएको भन्ने देखाउँछ । तत्काल प्राप्त प्रमाणको मूल्यांकनका लागि यो पर्याप्त छ ।'

सरकारी वकिलहरुको बहस सकिएपछि पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको तर्फबाट बरिष्ठ अधिवक्ता शम्भु थापा इजलास अगाडिको पोडियममा खडा भए । उनले शुरुमै बरिष्ठ अधिवक्ता शुसिल पन्तले अख्तियारको तर्फबाट बहसपैरवी गरेकोमा आपत्ति जनाउँदै इजलासको ध्यानाकर्षण गराए ।

पतञ्जली जग्गा प्रकरणको आरोपपत्रमा अख्तियारले 'सरकारी वकिलहरुले यो मुद्दाको प्रतिरक्षा गर्नेछन्' भन्ने व्यहोरा उल्लेख थियो । सरकारी वक्लिहरुले प्रतिरक्षा गर्नुपर्ने मुद्दामा अरु कानून व्यवसायीहरु 'हायर गरेको' भन्दै उनले आपत्ति जनाए । उनले भने, 'आरोपपत्रमा सरकारी वकिलहरुले बहसपैरवी गर्ने भनेपछि सरकारी वकिलहरु आउनुपर्थ्यो, शुरुमै बरिष्ठ अधिवक्ता सुशील पन्त आउनुभयो, यसमै आपत्ति हो ।'

१६ असार, २०६० सालमा तत्कालीन सरकारले यसैगरी हदबन्दी छुटको जग्गा सट्टापट्टा गर्न अनुमति दिएको र त्यसमा सर्वोच्च अदालतले 'अन्यथा गर्न मिलेन' भनेर फैसला गरेको भन्दै थापाले जग्गा सट्टापट्टाको नजिर नै बनिसकेको जिकिर गरे ।

उनले गिरीबन्धु जग्गा प्रकरणमा प्रधानमन्त्री केपी शर्मा ओलीले अघिल्लो कार्यकालमा गरेजस्तै पूर्वप्रधानमन्त्री नेपालको पालामा निर्णय भएको भन्दै अख्तियारले आधारहीन आरोपपत्र पेश गरेको जिकिर गरे । 'पतञ्जलीले किनेको जग्गा सरकारीकरण भएकै थिएन त कसरी दफा १७ बमोजिम सरकारी जग्गा हिनामिना भयो ?' बरिष्ठ अधिवक्ता थापाले भने, 'माधव नेपाल संगीन अपराधी हो र थुनामा राखेर मुद्दा अघि बढाउनुपर्ने ?'

अर्का बरिष्ठ अधिवक्ता गोविन्द बन्दीले मन्त्रिपरिषद्को विधेयक समितिमा नीतिगत विषयहरु मात्रै जाने गरेको पतञ्जलीको प्रस्ताव पनि नीतिगत भएको दावी गरे । अहिलेसम्म नीतिगत निर्णयको विषयमा परिभाषित नभएको भन्दै उनले थपे, 'कानूनले परिभाषित नगरेको नीतिगत निर्णयका वारेमा अख्तियारले ठोकुवा गर्न सक्छ ?'

पूर्व महान्यायाधिवक्ता समेत रहेका बरिष्ठ अधिवक्ता खम्मबहादुर खातीले जग्गाको खरि दबिक्री मूल्यलाई नै बिगो कायम गरिएको भन्दै अखितयारको आरोपपत्रमाथि प्रश्न गरे । कानून व्यवसायीहरुले तहतहमा निर्णय भएको प्रस्ताव मन्त्रिपरिषद्मा पेश भएको भन्दै त्यतिबेला ठाडो प्रस्ताव नभएको जिकिर गरे ।

बहस लम्बिने संकेत देखिए पनि सबै कानून व्यवसायीका तर्फबाट बरिष्ठ अधिवक्ता रमण श्रेष्ठले भने, 'सबैको वकालतनामा र सूची इजलासमा पेश भएको छ । हामी सबैले बहस गर्दा झनै लम्बिन सक्छ । हामीले भनेका कुरा यिनै हुन् । आवश्यक परेको बखत उपस्थित हुनेगरी छाड्ने आदेश होस् ।' बहस सकिएपछि विशेष अदालतका न्यायाधीशहरुले आदेशको मस्यौदा गरिरहेका छन् । विशेष अदालतले केहीबेरमै आदेश जारी गर्नेछ ।

*(स्रोत: अनलाइनखबर)*

## पूर्वराजादेखि 'सिक्री हराएको मान्छे'सम्म:
# कमेडी नाइट विथ च्याम्पियन्समा 'पोल्टिकल जोक्स'



काठमाडौं /पछिल्लो समय टिभीमा प्रसारण हुने कमेडी शो 'राजनीतिक टिप्पणी र ब्यंग्य'मा आधारित हुन थालेका छन् । चाहे त्यो 'कमेडी दरबार' होस् वा चाहे 'कमेडी नाइट विथ च्याम्पियन्स ।'

विशाल भण्डारी निर्देशित 'कमेडी नाइट विथ च्याम्पियन्स' गतसातादेखि नै चर्चामा छ । राष्ट्रिय स्वतन्त्र पार्टीका ४ सांसदलाई अतिथि बनाएर तयार पारिएको शोले एकैसाथ चर्चा र विवाद निम्तायो । भिन्न पार्टीका दर्शकले यसको आलोचना गरे भने, रास्वपा सहित वैकल्पिक पार्टीमा आस्था राख्नेले यो शोको समर्थन गरे । जे भएपनि कमेडीमार्फत शोले दर्शकलाई 'पोल्टिकल इन्टरटेनमेन्ट' अवश्यक दिएको छ ।

'पोल्टिकल जोक्स'मा दर्शकले पनि रुचि राख्न थालेको देखिन्छ । यही शैलीलाई पछ्याउँदै यो कार्यक्रमले मंगलबार राप्रपाका एक सांसद, नेतृ र पार्टी निकट अधिवक्तालाई पाहुनाको रुपमा निम्तो गऱ्यो ।

सांसद ज्ञानबहादुर शाही, नेतृ खुस्बु ओली र अधिवक्ता स्वागत नेपाल पाहुना बनेर शोमा पुगेका थिए । सुरुदेखि अन्त्यसम्म यी पाहुनालाई कलाकारले कटाक्ष मात्र गरेनन्, आच्छुआच्छु बनाए ।

मंगलबार प्रसारित १३ औं एपिसोडको सुरुवात कैलाश कार्की र सुमन कार्कीको प्रस्तुतिसँगै भयो । उनीहरूले वैदेशिक रोजगारीमा गएका नेपालीको प्रवासी जीवनको यथार्थलाई भावुक र मर्मस्पर्शी रुपमा पेश गरे । त्यसपछि स्टेजमा उक्लिए प्रभात लामा जसले पूर्वराजा ज्ञानेन्द्र शाहको भूमिकामा आफूलाई प्रस्तुत गरे । शाहको हाउभाउमा दुरुस्त उत्रिएका प्रभातले उनकै शैलीमा राजावादी पार्टी र नेतालाई ब्यंग्य गरे । राजावादी आन्दोलनदेखि नागरिकका चासोको कुरामा उनले कटाक्ष गरे ।

तससपछि देखिए पवन भट्टराई । उनले एक टिभी पत्रकारको शैलीमा 'चुल्ठे अंकल' बनेर स्टेजमा प्रस्तुति दिए । उनीसँगै भरतमणी पौड्यालले बाबुराम भट्टराईको क्यारिकेचर 'जादुराम भट्टराई'को रुपमा आफूलाई प्रस्तुत गरे ।

सजन श्रेष्ठ तीनकुनेको राजावादी आन्दोलनमा सिक्री हराएर चर्चामा आएका व्यक्तिको भूमिकामा प्रस्तुत भए । 'सिक्री हराएको मान्छे'को भूमिकामा चटपटे जोक्स र मजाक शैलीमा उनले पाहुनासँग रमाइलो गरे ।

अन्तिममा स्टेजमा आए सन्तोष थापा, 'म झोले हो' भन्दै । उनको भूमिकाले समाजका साधारण मानिसको हाँसो र पीडाको कथा एकै साथ सुनायो ।

'कमेडी नाइट विथ च्याम्पियन्स'का पछिल्ला दुई एपिसोडमा लगातार राजनीतिक पाहुना देखिन थालेका छन् । अघिल्लो एपिसोडमा रास्वपाका ४ सांसद सुमना श्रेष्ठ, असिम शाह, निशा डाँगी र तोसिमा कार्की पुगेका थिए ।

यो शो हरेक मंगलबार राति ८ बजे हिमालय टिभीमा प्रसारण हुँदै आएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'ऐरी'को छायांकनमा सोनमको खुट्टा भाँचियो



काठमाडौं/एक महिनादेखि बागलुङको ढोरपाटन क्षेत्रमा छायांकन भइरहेको फिल्म 'ऐरी'मा लडाइँको दृश्य खिच्ने क्रममा अभिनेता सोनम तोप्देनको खुट्टा भाँचिएको छ । उनको बायाँ खुट्टा भाँचिएको हो । यसको जानकारी उनी स्वयंले सामाजिक सञ्जालमार्फत गराएका छन् । उनले खुट्टाको एक्स-रे तस्वीर फेसबुक स्टोरीमा पोस्ट गर्दै यो आफ्नो जीवनकै सबैभन्दा दर्दनाक क्षण रहेको बताएका छन् ।

सोनमले लेखेका छन्, 'सेटमा एक लडाइँको दृश्यको क्रममा मेरो बायाँ खुट्टा भाँचिएको छ । सायद यो मेरो जीवनको सबैभन्दा भयानक र दर्दनाक क्षण हो । अहिले प्रार्थना र धैर्यका साथ विस्तारै ठीक हुँदैछु ।' उनको एक सातादेखि पोखराको नागढुङ्गास्थित चरक मेमोरियल अस्पतालमा उपचार भइरहेको छ । हेलिकोप्टर चार्टर्ड गरेर उनलाई फिल्मको सेटबाट अस्पताल लगिएको थियो ।

प्राप्त जानकारी अनुसार फिल्मका मुख्य अभिनेता प्रदीप खड्काले रुखबाट हामफालेर किक हान्नुपर्ने दृश्य खिच्ने क्रममा उनको खुट्टा सीधै सोनमको खुट्टामा ठोकिएको थियो । जसले गर्दा यस्तो घटना हुन पुगेको हो । सोनमको खुट्टा भाँचिएपछि उनको भागको छायांकन अनिश्चित बनेको छ । अब कम्तिमा ६ महिनाभन्दा अगाडि उनको भागको छायांकन गर्न असम्भव रहेको जनाइएको छ ।

'ऐरी'को छायांकन सकाए पछि सोनम आगामी भदौबाट अर्को फिल्म 'जलाकी'मा काम गर्ने तयारीमा थिए । तर, अब यो फिल्मको छायांकन केही महिना पछाडि धकेलिने निश्चित छ । 'सम्हालिन्छ कहिले मन'बाट डेब्यु गरेका सोनमलाई गत वर्ष प्रदर्शनमा आएको 'शाम्बाला'ले चर्चामा ल्याएको थियो । यसमा उनको अभिनयको निकै सरहाना भयो । यसपछि फिल्ममा उनको माग चुलिएको छ ।

# इरानबाट नफर्किने भए दुई नेपाली



काठमाडौं /इरानबाट उद्दारका लागि नाम टिपाइएका ११ जनामध्ये दुई जना नफर्किने भएका छन् । उनीहरुमध्ये एक जना हाल परिस्थिति सामान्य भइसकेको भन्दै त्यहीँ रहने भएका छन् भने अर्काको राहदानी सम्बन्धी समस्याले त्यहीँ रहने भएका हुन् ।

तहरानबाट संचारकर्मीसँग सम्पर्कमा आएका हरि थापाले युद्धविरामपछि अहिले स्थिति समेत सामान्य भइसकेको भन्दै आफू नफर्किएको बताए । 'म यहाँ एउटा दूतावासमा काम गर्छु, स्थिति सामान्य भइसकेको छ किन जान्छौं भनेर साथीहरुले पनि भने', थापाले सुनाए, 'मलाई पनि ठिकै लाग्यो, परिवारलाई पठाइदिएको छु, म यहीँ छु ।'

इरानमा रहेका ७ जना नेपाली भने भारतीय दूतावासको सहयोगमा बुधबार स्वदेश फर्किँदैछन् । इरानको मसहदस्थित अन्तर्राष्ट्रिय विमानस्थलबाट दिउँसो चार जना र अपराह्न थप ३ जना फर्किन लागेका हुन् । दिउँसो दिल्ली हुँदै फर्किनेमा सागर पौडेल, बुद्धि भुसाल, गायत्री कार्की र उनका छोरा उत्सव थापा छन् । बाँकी यज्ञ मरासिनी, राजु खनाल र विष्णुप्रसाद भुसाल साँझ फर्किने छन् ।

उनीहरुले मंगलबार नै फर्किने तयारी भए पनि एक्जिट परमिट नहुँदा रोकिएका थिए । पर मिट भएका बुटवलका सुमन गैरे र गणेश पोखरेल चाहिँ मंगलबार नै फर्किएका थिए । उनीहरुलाई दिल्लीस्थित नेपाली दूतावासले विमानस्थलमा स्वागत गरेको थियो ।

भारतीय दूतावासको सहयोगमा उद्दार गरिने भएपछि उनीहरु आफू बसेको स्थानबाट बसमा यात्रा गरेर मसहदस्थित विमानस्थलसम्म आइतबार पुगेका थिए । फिर्ता आउन लागेका नेपालीहरु कोही दूतावास त कोही रेष्टुरेन्टमा काम गर्दै आएका थिए । सरकारले इजरायलमा रहेर स्वेदश फर्किन चाहने नेपालीलाई समेत उद्दार गर्ने तयारी गरिरहेको छ ।

शुक्रबार श्रम रोजगार तथा सामाजिक सुरक्षा, संस्कृति पर्यटन तथा नागरिक उड्डयन र गृह मन्त्रालयसँगको संयुक्त बैठकमा परराष्ट्र मन्त्री डा. आरजु राणाले इजरायल र इरानमा जारी रहेको युद्धका कारण उत्पन्न परिस्थिति र त्यसको तयारी बारेमा छलफलका क्रममा दुवै देशबाट नागरिकलाई उद्दार गर्ने तयारी भइरहेको बताएकी थिइन् ।

परराष्ट्र मन्त्रालयका अनुसार, इजरायलमा करिब ५ हजार ५ सय नेपाली नागरिक छन् ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले इरानले उच्चस्तरमा आणविक बम बनाउन थालेको भन्दै त्यसविरुद्ध सैनिक कारबाही थालिएको घोषणा गरेका थिए । इरानको कदमले आणविक अप्रसार सन्धि अन्तर्गतको दायित्वको उल्लंघनमा भएको नेतन्याहूको जिकिर छ ।

ओमानमा अमेरिका र इरानबीच आणविक कार्यक्रमसम्बन्धी नयाँ कूटनीतिक वार्ता हुने तय भएका बेला इजरायलले आक्रमण गरेको बीबीसीले उल्लेख गरेको छ । अन्तर्राष्ट्रिय समाचार संस्थाहरूका अनुसार, सन् २०१८ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अन्तर्राष्ट्रिय आणविक सम्झौताबाट अमेरिका फिर्ता गरेपछि इरानको आणविक कार्यक्रम तीव्र गतिमा बढेको थियो ।

पछि मेरिकाले पनि इरानका परमाणु केन्द्रमा आक्रमण गरेको थियो । जवाफमा इरानले कतारस्थित अमेरिकी सैन्य अड्डामा हवाई आक्रमण गऱ्यो । तर, पूर्वजानकारी दिएकाले धेरै क्षति भएन । यसको केही घन्टापछि इजराइल र इरानबीच अमेरिकाको मध्यस्थतामा युद्धविराम सहमति भएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# गौतमबुद्ध र पोखरा विमानस्थल चलाउन उदार हवाई नीति ल्याइँदै

काठमाडौं /सरकारले गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा बढीभन्दा बढी वायुसेवा आकर्षित गर्न उदार नीति लिने तयारी गरेको छ । यसका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डउन मन्त्रालयले 'हवाई नीति २०८२' को प्रारम्भिक मस्यौदा तयार पारेको छ । मस्यौदा अनुसार गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीलाई 'फिफ्थ फ्रिडम ट्राफिक राइट्स' दिने उल्लेख छ ।

यस अधिकार अनुसार कुनै दोस्रो मुलुकको एयरलाइन्सले यी विमानस्थलबाट यात्रु बोकेर तेस्रो मुलुकमा लैजान पाउँछन् । यसबाट यात्रुले बढी विकल्प पाउने हुँदा यात्रु संख्या बढ्ने र उडान थपिने अपेक्षा छ । मन्त्रालयले नीतिको प्रारम्भिक मस्यौदा छलफल प्रयोजनका लागि तयार पारेको जनाएको छ । अहिले नेपालमा हवाई नीति २०६३ कार्यान्वयन छ । नयाँ नीतिले यसलाई विस्थापित गर्ने छ ।

मस्यौदा अनुसार खुला आकाश नीति क्रमश: आत्मसात गर्दै पारस्परिकताका आधारमा थप द्विपक्षीय र बहुपक्षीय हवाई सेवा सम्झौता गर्ने उल्लेख छ । विद्यमान सम्झौतामा पुनरावलोकन गरिने भएको छ । अन्तर्राष्ट्रिय उडान गर्ने नेपाली कम्पनीको क्षमता र सेवा स्तरका आधारमा न्यायोचित हवाई सेवा सम्झौता बमोजिम पारदर्शी उडान संख्या र रुट बाँडफाँट गरिने समेत नीतिमा छ ।

'थर्ड पार्टी कोड सेयर' लगायत उदार नीतिसमेत प्रोत्साहन गर्ने मस्यौदामा छ । नयाँ हवाई सेवा सम्झौतामा समेत यस्तै नीति अवलम्बन गरिने छ । गौतमबुद्ध र पोखरा विमानस्थल सञ्चालन, व्यवस्थापन र प्रवर्द्धनमा अन्तर्राष्ट्रिय निकायसँग सहकार्य गर्ने नीति पनि छ ।

### पुराना जहाज आयातमा सामान्य कडाइ

नयाँ नीतिमा पुराना जहाज आयातमा सामान्य कडाइ गर्ने तयारी छ । १५ वर्ष पुराना जहाज किन्न नपाइने विद्यमान नियम कायमै राखिएको छ । तर, 'इकोनोमिक डिजाइन लाइफ' को ५० प्रतिशत पूरा गरेको वा ३५ हजार 'प्रेसराइज साइकल' पूरा गरेको जहाज किन्न पाइने छैन ।

विद्यमान नियममा यो क्रमश: ७५ प्रतिशत र ४५ हजार साइकल रहेको छ । नन प्रेसराइज्ड वायुयानका हकमा २० प्रतिशतभन्दा पुराना वायुयान किन्न अनुमति नदिने व्यवस्था नै निरन्तर राखिएको छ । नेपालमा स्थायी दुर्घटना जाँच संयन्त्र स्थापना गर्ने विषय समेत अब नीतिमै समावेश गरिने भएको छ ।

### विदेशी लगानी सीमा बढाउने प्रस्ताव

नयाँ नीति मस्यौदामा वायुसेवा उद्योगमा विदेशी लगानी सीमा बढाउने प्रस्ताव गरिएको छ । अहिले अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीमा ८० प्रतिशतसम्म विदेशी लगानीको सीमा छ । यसलाई अब ९० प्रतिशत पुऱ्याइने छ । आन्तरिक वायुसेवामा ४९ प्रतिशतको सीमा यथावत छ ।

वायुयान र वायुयानसँग सम्बन्धित उपकरण मर्मत सम्भार गर्ने संस्था, हवाई उडान प्रशिक्षण संस्था, वायुयान निर्माण वा डिजाइन वा त्यस्तै प्रकारका क्षेत्रमा लगानी गर्ने व्यक्तिलाई अहिले सञ्चालनमा नआएका विमानस्थलमा जमिन उपलब्ध गराउने समेत प्रस्तावित नीतिको मस्यौदामा उल्लेख छ ।

फ्लाइङ स्कुल चलाउन खोज्ने लगानीकर्तालाई पहिलो तीन वर्षसम्म करमा छुट दिइने भएको छ । नयाँ विमानस्थल निर्माणका सन्दर्भमा भने संघ, प्रदेश र स्थानीय तहको सहलगानीको मोडेल अपनाइने भएको छ ।

# 'पञ्चायत ४'को अन्तिम एपिसोडलाई सबैभन्दा कम रेटिङ

मुम्बई/प्राइम भिडियोमा रिलिज भएको श्रृंखला 'पञ्चायत सिजन ४'लाई दर्शकबाट मिश्रित प्रतिक्रिया मिलेको छ । केहीले यसलाई मन पराए भने केहीले यसमा कमेडी र बुझाउने कुरामा कमी भएको महसुस गरे ।

चुनावी माहोलको कथावस्तुबारे बनेको श्रृंखलाको अन्तिम एपिसोडलाई सबैभन्दा खराब मानिएको छ, जसको मूल्याङ्कन अघिल्लो सिजनको तुलनामा उल्लेखनीय रूपमा घटेको छ, जसले गर्दा दर्शक निराश भएका छन् ।

चौथो सिजनले अघिल्ला भन्दा सबैभन्दा कम रेटिङ प्राप्त गरेको छ । आइएमडिबिका अनुसार, सिजन १ को अन्तिम एपिसोड 'जब जागो तभी सवेरा' लाई ८.८, सिजन २ को 'परिवार' लाई ९.६ र सिजन ३ को 'हमला' लाई ९.० रेटिंग दिइएको थियो । तर सिजन ४ को अन्तिम एपिसोडलाई मात्र ८.४ रेटिंग प्राप्त भएको छ ।

सामाजिक सञ्जालमा धेरै दर्शकले सिरिजको कथा अब पहिले जस्तो रमाइलो नलाग्ने, राजनीतिक प्रभाव भएको र कमेडी पक्ष हराउँदै गएको भन्दै निराशा व्यक्त गरेका छन् । यस सजनमा फुलेरा गाउँको चुनावी माहोललाई देखाइएको छ जहाँ बनराकस चुनाव जित्छन् र मंजू देवी पराजित हुन्छिन् । जितेन्द्र कुमार सचिवको भूमिकामा पुन: देखा परेका छन् भने नीना गुप्ता, रघुबीर यादव, फैजल मलिक, चन्दन राय, दुर्गेश कुमार लगायतका कलाकार पनि छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# नेपालमा अब आयात हुने सवारीसाधन यूरो-६ मापदण्ड लागु

साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ नेपालमा यूरो-६ प्रदूषण मापदण्ड लागु भएको छ । लामो समयदेखि कार्यान्वयनको बहसमा रहेको यो मापदण्ड सरकारले ‘नेपाल सवारी साधन प्रदूषण मापदण्ड २०८२’ कार्यान्वयनमा ल्याउँदै लागु गरेको हो ।

वन तथा वातावरण मन्त्रालयले नयाँ मापदण्ड राजपत्रमा प्रकाशित गरेको छ । यस मापदण्ड अनुसार अब दुई पांग्रे, तीन पांग्रे र चार पांग्रे सवारीसाधनको हकमा यूरो-५ र कम्तिमा चार पांग्रा भएका सवारीसाधनको हकमा यूरो-६ मापदण्ड बमोजिमको परीक्षण विधि मान्य हुनेछ । नेपालमा २०६९ सालयता नै यूरो-३ मापदण्ड कायम छ । यसले वातावरणीय प्रदूषण बढाएको भन्दै यूरो-६ लागू गर्न माग भइरहेको थियो । यूरो-३ मापदण्ड ल्याउँदा २ वर्षपछि (२०७१ सालमै) यूरो-४ मा जाने सोच राखिएको थियो । तर, त्यसयता निरन्तर यूरो-३ नै कायम राखिएको थियो । यूरो-५ का हकमा भने ३५० केजीसम्म तौल भएका हलुका चार पांग्रे सवारीसाधनमा लागु हुने भनिएको थियो ।




न्यूनतम ३.५ टनसम्म तौल भएकादेखि सबै मालबाहक साना, मझौला र ठूला सवारीमा समेत यूरो-६ मापदण्ड लागु भएको मन्त्रालयले बताएको छ । युरो-६ लागु हुने चार पांग्रेमा भने साना यात्रुबाहक सवारीसाधन (चालकबाहेक ८ यात्रु सिट क्षमता भएका), मझौला यात्रुबाहक सवारी साधन (८ सिटभन्दा बढी क्षमता) र ठूला यात्रुबाहक सबै सवारी साधनको हकमा लागु भएको छ । न्यूनतम ३.५ टनसम्म तौल भएकादेखि सबै मालबाहक साना, मझौला र ठूला सवारीमा समेत यूरो-६ मापदण्ड लागु भएको मन्त्रालयले जानकारी दिएको छ ।

सवारीसाधन उत्पादन हुने अन्य कुनै देशमा प्रचलनमा रहेको यस मापदण्ड सरहको प्रदूषण मापदण्ड र यस मापदण्डबीच भिन्नता देखिएमा सवारी साधनबाट हुने उत्सर्जनमा रहने प्रदूषण कारकतत्वको अधिकतम सीमा सम्बन्धमा नयाँ मापदण्डमा तोकिएका सीमा मान्य हुने समेत प्रदूषण मापदण्डमा उल्लेख छ ।

मन्त्रालयका अनुसार युरोपका लागि संयुक्त राष्ट्रसंघीय वित्त आयोगबाट सिफारिस भएको समानस्तरको परीक्षणविधिलाई यस मापदण्डको परिपालनासम्बन्धी परीक्षण प्रयोजनमा मान्यता दिइने भएको छ ।

उत्पादक राष्ट्रमा मान्यता दिई अभ्यासमा रहेका र सम्बन्धित यूरो मापदण्ड सरहका वा तुलनायोग्य विधिसमेत यस मापदण्डको परिपालनासम्बन्धी परीक्षण प्रयोजनमा मान्य हुने मन्त्रालयले स्पष्ट पारेको छ । नयाँ मापदण्डमा पहिलो चरणको परीक्षणअन्तर्गत सवारीसाधनबाट उत्सर्जन हुने कार्बन मोनोअक्साइड, हाइड्रो कार्बन, गैरमिथेन हाइड्रो कार्बन, नाइट्रोजन अक्साइडको मात्रा, कणजन्यपदार्थको मात्रा र कणसंख्याको मात्राका सम्बन्धमा अधिकतम सीमासमेत तोकेर राजपत्रमा सार्वजनिक गरिएको छ । नयाँ मापदण्ड नयाँ आयात हुने सवारी साधनको हकमामात्र लागुहुने भएको छ । राजपत्रमा मापदण्ड सवारीसाधन भएको मितिसम्म प्रतीतपत्र वा बैंकको माध्यमबाट गरिसकिएको भुक्तानीबमोजिम आयात हुने सवारी साधनको हकमा लागु हुनेछैन ।

# विपद् व्यवस्थापनमा ड्रोन प्रविधिको प्रयोगसम्बन्धी परीक्षण



साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ बागमती प्रदेश सरकारले अत्यावश्यक सामग्रीको ढुवानी तथा विपद् व्यवस्थापनमा ड्रोन प्रविधिको प्रयोगसम्बन्धी परीक्षण गरेको छ ।

आइडिया हब इन्टर नेशलन प्रालिसँगको सहकार्यमा बागमती प्रदेशको श्रम रोजागर तथा यातायात मन्त्रालयले ड्राने मार्फत् अत्यावश्यक सामग्रीको ढुवानी कसरी गर्न सकिन्छ ? भन्ने विषयमा प्रत्यक्ष अभ्यास गरेको हो । हेटौंडा-६ स्थित गौरीटार रंगशालामा मुख्यमन्त्री बहादुरसिंह लामाको प्रमुख आतिथ्यतामा २५ केजी भारसहितको ड्रोन सफलतापूर्वक परीक्षण गरिएको थियो । कार्यक्रममा मुख्यमन्त्री लामाले ड्रोन प्राविधिको प्रयोग बिपद् व्यवस्थापनमा अत्यन्त उपयोगी हुने विश्वास व्यक्त गरेका छन् ।

सडक अवरुद्ध हुँदा, डुबान वा पहिरोका कारण राहत पुऱ्याउन नसक्ने स्थितिमा ड्रोन प्रविधि उपयोगी विकल्प हुनसक्ने उनको धारणा थियो । उनले देशको भौगोलिक विविधता, जोखिमयुक्त क्षेत्र तथा प्राकृतिक प्रकोपको समयमा ड्रोन प्रविधि प्रभावकारी हुने बताए । यसको नियमनका लागि प्रदेश सरकारले आवश्यक कानून निर्माण गर्ने उनको भनाई छ । नेपालजस्तो जोखिमपूर्ण भूगोल भएको देशमा बाहिरी उत्पादनमा निर्भर रहनुभन्दा आफ्नै प्रविधि विकास गर्नुपर्नेमा मुख्यमन्त्री लामाको जोड थियो ।

कार्यक्रममा श्रम रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जनले नेपाल प्रविधिसँगै अपडेट हुँदै गएको बताएका छन् । हरेक क्षेत्रमा प्रविधिको आवश्यकता रहेकोमा जोड दिदै मन्त्री महर्जनले यातायात, विपद् व्यवस्थापन र सुशासनमा प्रविधिको भूमिका महत्वपूर्ण रहेको उल्लेख गरे । विपद्को समयमा ड्रोनको प्रयोग बागमती प्रदेशमा मात्रै नभई नेपालकै लागि प्रभावकारी देखिएको उनले बताए । प्राकृतिक प्रकोपको मुख्य कारण डोजरे विकास पनि भएको तर्फ संकेतगर्दै मन्त्री महर्जनले प्रकृतिमैत्री विकासका लागि ड्रोन प्रविधि उपयुक्त हुने धारणा राखे ।

आइडिया हब इन्टर नेसनलका सुरज पौडेलले ड्रोनको प्रयोग केवल फोटो वा भिडियो खिच्नेका लागि मात्र नभई अत्यावश्यक राहत सामग्री बोक्न, ड्रोन मार्फत् विषादि छर्न प्रयोग गर्न सकिने बताएका छन् । ड्रोन प्रविधि तीव्र रुपमा अपडेट हुँदै गइरहेको सन्दर्भमा पुराना नियम कानूनलाई संशोधन गर्न जरुरी रहेको पौडेलले बताए । सडक नभएको, डुबान, पहिरो वा अन्य संकटका समयमा एउटा डाँडाबाट अर्को डाँडामा राहत सामग्री पुऱ्याउन सकिने पौडेलको भनाई छ । कार्यक्रममा सहकारी तथा गरिबी निवारण मन्त्री मदुकुमार श्रेष्ठ, नेकपा एमालेका प्रमुखसचेतक मधुसुदन पौडेल, विभिन्न मन्त्रालयका सचिवहरु, प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव दीपक लामालगायतको उपस्थिति थियो ।

# न्यू डाइमण्डले जित्यो नेकोस महिला भलिबलको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ हेटौंडामा जारी नेकोस कप राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधि न्यू डाइमण्ड क्लबले जितेको छ ।

विभागीय टोली एपीएफलाई सोझो सेटमा हराउँदै न्यू डाइमण्डले पाँच लाख राशीको पहिलो नेकोस कपको उपाधि उचालेको हो । हेटौंडा उपमहानगरपालिका-४ स्थित हुप्रचौरमा बुधवार भएको फाइनल खेलमा न्यू डाइमण्डले एपीएफलाई २५-१२, २५-२३ र २५-१८ को सोझो सेटमा पराजित गरेको हो । विजेता नेकोसले पाँच लाख नगद र उपविजेता एपीएफले ३ लाख नगदसहित ट्रफि र मेडल पाएको छ ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी न्यू डाइमण्डकी सुमित्रा रेग्मी चुनिएकी छन् । विधागततर्फ उत्कृष्ट सर्भर नेपाल पुलिस क्लबकी कोपिला राना, उत्कृष्ट लिब्रो डाइमण्डकी सलिना श्रेष्ठ, उत्कृष्ट ब्लकर एपीएफकी गरिमा बोहरा, उत्कृष्ट सेटर डाइमण्डकी प्रगति नाथ चयन भए । यसैगरी, उत्कृष्ट स्पाइकर एपीएफकी निरुता ठगुन्ना, उत्कृष्ट प्रशिक्षक डाइमण्डका कुमार राई घोषित हुँदा उदीयमान खेलाडीको पुरस्कार गण्डकी प्रदेशकी रिकजना भोटेले पाएकी छन् । विधागततर्फका उत्कृष्ट खेलाडी र प्रशिक्षकले जनही ५ हजार रुपैयाँ नगद पुरस्कार पाए ।




विजेता न्यू डाइमण्डले सेमिफाइनलमा गण्डकी प्रदेशलाई सोझो सेट २५-१५, २५-१० र २५-१६ मा हराउँदै फाइनल यात्रा तय गरेको थियो । एपीएफले पनि नेपाल पुलिस क्लबलाई सोझो सेटमै हराएको थियो ।

एपीएफले पुलिसलाई २५-२१, २५-१८ र २५-२१ म निरीह बनाउँदै उपाधि होडमा न्यू डाइमण्डसँग भेट पक्का गरेको हो । प्रतियोगिताको तेस्रो स्थान नेपाल पुलिसले लिएको छ । बुधवार तेस्रो स्थानको लागि भएको खेलमा पुलिसले गण्डकीलाई २५-२३, २५-१५ र २५-१८ को सेटमा पराजित गर्दै नगद १ लाख रुपैयाँ प्राप्त गरेको छ ।

चौथो स्थानमा खुम्चिएको गण्डकीले ५१ हजार रुपैयाँमा चित्त बुझाएको छ । नेपाल स्पोर्टस सेन्टरले प्रतियोगिताको आयोजना गरेको थियो । बागमती प्रदेशका पूर्वमुख्यमन्त्री तथा प्रतिनिधिसभा सदस्य राजेन्द्रप्रसाद पाण्डे, पूर्वस्वास्थ्यमन्त्री विरोध खतिवडा, हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानलगायतले विजेता, उपविजेता टिम र उत्कृष्ट खेलाडीलाई पुरस्कार प्रदान गरेका थिए ।

# ईन्द्रसरोबरको नीति तथा कार्यक्रम र बजेट पारित

साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेट पारित भएको छ ।

कुलेखानीमा बसेको १५ औँ गाउँसभाले गाउँपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट पारित गरेको हो । गाउँपालिका उपाध्यक्ष उमाकुमारी लामाले गाउँसभा आगामी आवका लागि ४१ करोड ७२ लाख रुपैयाँ अनुमानित बजेट प्रस्तुत गरेकी हुन् । आगामी आर्थिक वर्ष बजेटको खर्च बेहोर्ने स्रोतमा आन्तरिक आयबाट चार करोड ३८ लाख ३८ हजार ५३४ रुपैयाँ र बाँकी राजस्व बाँडफाँड तथा प्रदेश र संघको अनुदान प्राप्त हुने पालिका उपाध्यक्ष लामाले बताइन् ।

लामाका अनुसार कृषि, पूर्वाधार निर्माण र सामाजिक विकासलाई प्राथमिकतामा राखेर आगामी आवको बजेट ल्याइएको छ । गाउँसभामा पालिका अध्यक्ष देवकृष्ण पुडासैनीले कृषिको आधुनिकीरण, व्यवसायीकरण र बजारीकरणलाई प्राथमिकतामा राख्दै आगामी आवको नीति तथा कार्यक्रम सार्वजनिक गरेका हुन् । यस्तै पर्यटन पूर्वाधार निर्माण तथा पर्यटन प्रवर्द्धन, गुणस्तरीय र दिगो पूर्वाधार विकास, प्राविधिक तथा गुणस्तरीय शिक्षा र गुणस्तरीय तथा सर्वशुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने नीति तथा कार्यक्रममा उल्लेख छ ।

पालिकाले आर्थिक विकासको लागि रोजगारी सिर्जना, भ्रष्टाचार नियन्त्रण, सुशासन र सेवाप्रवाहमा प्रभावकारिता, विभेद र असमानताको अन्त्य र समन्यायिक विकास र विकासको प्रतिफलको न्यायोचित वितरणलाई नीति तथा कार्यक्रमलाई प्राथमिकतामा राखेको छ ।

# हेटौंडामा असार १४ र १५ गते रोजगार महोत्सव हुने

साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ बागमती प्रदेशको राजधानी हेटौंडामा पहिलोपटक ५ सय जनालाई तत्कालै प्रत्यक्ष रोजगारी प्रदान गर्ने उद्देश्यले रोजगार महोत्सवको आयोजना गरिन लागेको छ ।




नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश र मकवानपुर उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा युवालाई रोजगारीमा प्रत्यक्ष जोड्ने लक्ष्यसहित महोत्सव आयोजना गरिन लागेको हो । महोत्सवमा रोजगारीको खोजीमा रहेका युवालाई रोजगार प्रदायकसँग प्रत्यक्ष साक्षात्कार गराई रोजगारीको अवसर प्रदान गरिने मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाटले जानकारी दिएका छन् ।

असार १४ र १५ गते पल्पसा प्याराडाइजमा हुने महोत्सवमा २५ भन्दा बढी राष्ट्रिय तथा बहुराष्ट्रिय रोजगारदाता कम्पनीले प्रत्यक्ष अन्तर्वार्ताका माध्यमबाट रोजगारी प्रदान गरिने बुधबार आयोजित पत्रकार सम्मेलनमा बताइएको छ । विशेषगरी युवावर्गलाई लक्षित गरी आयोजना गरिएको दुई दिने कार्यक्रमबाट कक्षा १२ को परीक्षा दिएर बसेका विद्यार्थी र रोजगारीको खोजीमा रहेका युवा लाभान्वित हुने अपेक्षा गरिएको छ ।

महोत्सवमा अन द स्पट रोजगारीका साथै व्यवसाय गर्न चाहने युवाका लागि क्यारियर मार्गदर्शन, व्यावसायिक अवसर, बजारीकरण तालिम, बैंक कर्जा प्रवाहको तयारी, उद्यमशीलता प्रवर्द्धन, व्यावसायिक तालिम कार्यशाला, आत्मविश्वास विकास, सीभी लेखन, अन्तर्वार्ता तयारीका सीपहरु र विषयगत अन्तर क्रियालगायत कार्यक्रम समावेश गरिएको मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष उज्ज्वल चौलागाईले बताए ।

कार्यक्रममा रोजगारी तथा व्यावसायिक सम्भावनाबारे जानकारी प्रदान गरिनेछ । महोत्सवमा सहभागी हुनका लागि कुनै शुल्क नलाग्ने बताइएको छ । महोत्सव सञ्चालनका लागि १४ देखि १५ लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ । महोत्सवको श्रम, रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जनले उद्घाटन गर्नेछन् । महोत्सव सञ्चालनका लागी मन्त्रालयले ९ लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ ।

# सशस्त्र प्रहरीको अस्थायी वेस क्याम्प स्थापना

साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/थाहा नगरपालिकामा सशस्त्र प्रहरी बलको विपद् व्यवस्थापन एकाईको अस्थायी वेस क्याम्प स्थापना गरिएको छ ।

प्रहरी सहायक निरीक्षकको नेतृत्वमा विपद् व्यवस्थापनसम्बन्धी तालिमप्राप्त २० जना सशस्त्र प्रहरीको टोली थाहा नगरपालिका-१ मा रहेको सुनौलो सिकाइ केन्द्रको भवनमा खटिएको हो । थाहा नगर पालिका, छिमेकी कैलाश र भीमफेदी क्षेत्रलाई लक्षित गर्दै विपद् जोखिम न्यूनीकरण, खोज तथा उद्दार कार्यलाई छिटो र प्रभावकारी बनाउने उद्देश्यले क्याम्प स्थापना गरिएको हो । यसअघि विपद् आइपरेको अवस्थामा कुलेखानीबाट टोली बोलाएर उद्दारकार्य गर्नुपर्दा समयमै प्रभावकारी सहायता पुऱ्याउन कठिन हुने गरेको थियो ।

थाहा नगरपालिकाको सहजीकरणमा स्थापना गरिएको यो अस्थायी क्याम्पबारे नगरपालिका विपद् व्यवस्थापन समिति संयोजक तथा नगरप्रमुख विष्णु बिष्टले भने, यो वर्ष मौसम बिभागले धेरै बर्षा हुने भनिरहेको अवस्थामा ‘थाहा नगर पहिरो, भूस्खलनलगायत विविध विपद्का दृष्टिकोणले संवेदनशील क्षेत्र हो । सशस्त्र प्रहरी बलको उपस्थितिले जोखिम न्यूनीकरण मात्र होइन, उद्दार तथा राहतकार्यमा समयमै प्रतिक्रिया दिन सहज बनाउनेछ ।’

उनले थपे, ‘स्थानीय तहको अग्रसरतामा यस्तो पूर्वतयारीले विपद् व्यवस्थापनलाई थप सशक्त बनाउने विश्वास लिएको छौं ।’ मेयर बिष्टले सशस्त्र प्रहरीलाई स्थायी रुपमै थाहामा राख्नको निम्ति पनि पहल गरिरहेको जानकारी दिए ।

**डिजिटल कारोवारबारे सचेत बनौं ।**

**डिजिटल बैंकिङ्को सुरक्षाका लागि:**

- OTP, पासवर्ड र PIN नम्बर कसैलाई नदिऔं,
- आधिकारिक एप वा वेबसाइटबाट मात्र बैंकिङ सेवा प्रयोग गरौं,
- सार्वजनिक Wi–Fi प्रयोग गरी कारोबार नगरौं,
- अपरिचित व्यक्ति वा फोन कलमार्फत प्राप्त हुने प्रस्तावमा विश्वास नगरौं,
- शंकास्पद लिङ्कमा क्लिक नगरौं,
- मोबाइल वा कम्प्युटरमा सुरक्षित पासवर्ड र एण्टी भाइरस राखौं,
- अनलाइन ठगीको आशंका लागेमा तत्काल सम्बन्धित बैंक वा नजिकको प्रहरीमा खवर गरौं ।

“डिजिटल कारोवार सुरक्षित बनाऔं”

नेपाल सरकार
विज्ञापन बोर्ड

Hetauda Sub-Metropolitan City
**Office of The Municipal Executive**
Hetauda, Makawanpur
Bagmati Province, Nepal

**Invitation for Sealed Quotation**

**First Date of Publication: 2082/03/12 B.S. (26th June, 2025)**

Hetauda Sub-Metropolitan City, Hetauda, Makawanpur invites only electronic bids for the procurement of following Goods under Sealed Quotation (SQ).

| S.N. | IFB No. | Name of the Project | Price of Document | Last Date of Submission | Opening Date | Bid Security/Validity |
|---|---|---|---|---|---|---|
| 1. | HSMC/GOODS/ 07/081/82 | Procurement, Supply, and delivery of Street Light | NRS.1,000.00 | 2082/03/27 B.S. (11th July, 2025) 12:00 Hours | 2082/03/27 B.S. (11th July, 2025) 14:00 Hours | NRs. 50,000.00 75 Days |

Eligible bidders may obtain further information from Hetauda Sub-Metropolitan City Office during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.
**Tel: 057-523045, 057-523076**
**Email: info@hetaudamun.gov.np, planning@hetaudamun.gov.np**

**Chief Administrative officer**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना